# अख्तियार दुरूपयोग अनुसन्धान आयोग
## टङ्गाल, काठमाडौं

मिति: २०८२।१२।०२ गते।

# प्रेस विज्ञप्ति

**विषय: पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा गैरकानुनी लाभ वा हानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दामा भएको बेरीतको आदेश बदर गरी प्रतिवादीहरूलाई थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन सम्मानित सर्वोच्च अदालतमा निवेदन गरिएको।**

पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल निर्माण खरिदमा प्रतिवादीहरू संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका तत्कालीन मन्त्री एवं नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष दिपक चन्द्र अमात्यसमेतका प्रतिवादीहरूले आफूलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई ७,४३,४३,४५०.०० अमेरिकी डलर (सात करोड त्रिचालीस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रू.८,३६,७३,५५,२९७।५० (आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रूपैयाँ पचास पैसा) गैरकानुनी हानी पुऱ्याउने बद्नियतले स्वीकृत लागत अनुमान १६,९६,९७,०००.०० अमेरिकी डलर भन्दा अस्वभाविक रूपमा लागत अनुमान ७,४३,४३,४५०.०० अमेरिकी डलर बढाई संशोधन गरी गराई २४,४०,४०,४५०.०० अमेरिकी डलर बढी मूल्य तिरी मनासिब कारण बिना अन्य राष्ट्रसेवक र गैर राष्ट्रसेवक निर्माण व्यवसायी समेतका प्रतिवादीहरूसँगको एक आपसको मिलेमतोमा यी प्रतिवादी समेतले आफूलाई गैरकानुनी लाभ र नेपाल सरकार/सार्वजनिक संस्था/नेपाल नागरिक उड्डयन प्राधिकरणलाई गैरकानुनी हानी पुऱ्याउने बद्नियतले लागत इष्टिमेट अस्वभाविक रूपमा बढाई संशोधन गरी काम गरे गराएको,सोही बढी दायित्व बहन गर्नुपर्ने गरी खरिद कार्यको सम्झौता गरी गराई सोही आधारमा अस्वभाविक रूपमा बढी मूल्य तिरी खरिद गरी गराई सोही बमोजिम भुक्तानी भएको देखिएकोमा प्रतिवादीहरूको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को देहाय (घ),(ङ) र (ज) विपरीतको कसूर भएको हुँदा निज प्रतिवादीहरूलाई बिगो ७,४३,४३,४५०.०० अमेरिकी डलर (अक्षेरुपि सात करोड त्रिचालिस लाख त्रिचालिस हजार चार सय पचास अमेरिकी डलर) अर्थात नेपाली रकम रू.८,३६,७३,५५,२९७।५० (अक्षेरुपि आठ अर्ब छत्तीस करोड त्रिहत्तर लाख पचपन्न हजार दुईसय सन्तानब्बे रूपैयाँ पचास पैसा) कायम गरी सोही ऐनको दफा ८ को उपदफा (१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना सजाय गरी बिगो असुल उपर हुन मागदाबी लिइ बिशेष अदालतमा मिति २०८२/०८/२१ मा **आरोपपत्र (मुद्दा नं.०८२-CR-००४८)** दायर गरिएको ।

प्रस्तुत मुद्दामा विशेष अदालत काठमाण्डौबाट प्रतिवादीहरू मध्येका सुशिल घिमिरेलाई मिति २०८२।११।१२ गते जम्मा रू.१,५०,०००।- , प्रतिवादी सुमन कुमार श्रेष्ठ र रञ्जनकृष्ण अर्याललाई मिति २०८२।११।२५ गते जम्मा रू.१,००,०००।— धरौटी लिई मुद्दाको पुर्पक्ष गर्नेगरी तथा, प्रतिवादीहरू लाल बहादुर खत्री, कमल बहादुर भट्टराई र हंसराज पाण्डेलाई मिति २०८२।११।०४ गते; प्रतिवादीहरू भेषराज शर्मा, कुलप्रसाद सिंखडा, द्वारिका प्रसाद भट्टराई र सुरेशमान श्रेष्ठलाई मिति २०८२।११।०५ गते, प्रतिवादीहरू दिपक चन्द्र अमात्य र सुरेश आचार्यलाई मिति २०८२।११।१० गते, मधुकुमार मरासिनी, रामचन्द्र सुवेदी, सुमन प्रसाद शर्मा, प्रेमनाथ उपाध्याय र मोहन कृष्ण सापकोटालाई मिति २०८२।११।११ गते, प्रतिवादीहरू सुर्य प्रसाद आचार्य र त्रिरत्न मान्नधरलाई मिति २०८२।११।२७ गते साधारण तारिखमा राखी मुद्दाको पुर्पक्ष गर्नेगरी थुनछेक आदेश भएकोमा उक्त आदेशहरू बेरीतको देखिंदा प्रतिवादीहरूलाई विशेष अदालत ऐन, २०५९ को दफा ७ को देहाय (ङ) बमोजिम थुनामा राखी मुद्दाको पुर्पक्ष गरी पाउन मुलुकी फौजदारी कार्यबिधि संहिता, २०७४ को परिच्छेद ७ अन्तर्गतको दफा ७३ तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १५ बमोजिम सम्मानित सर्वोच्च अदालत समक्ष मिति २०८२/१२/०२ मा निवेदनपत्र दर्ता गरिएको छ ।

प्रवक्ता
सुरेश न्यौपाने